# स्थानीय राजपत्र


| मंगलसेन नगरपालिका, अछामद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्ड २ | संख्या ७ | मिति: २०७५/०२/२८ |


**भाग २**

**मंगलसेन नगरपालिका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ को उपदफा (२) बमोजिमको मंगलसेन नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरीएको छ ।

सम्वत् २०७५ सालको कार्यविधि संख्या ७

# प्राकृतिक प्रकोप उद्धार तथा राहत सम्बन्धी निर्देशिका २०७५

नेपाल एक भौगोलिक विषमतायुक्त भूपरिवेष्ठित मुलुक हो । भौगोलिक अवस्थितीका कारण प्राकृतिक जटिलतालाई मध्यनजर गरी पूर्व तयारी र व्यवस्थापन जरुरी रहेको तथ्यलाई मध्यनजर गरी नेपाल सरकारले प्रकोप पीडित उद्दार र राहत सम्वन्धी मापदण्ड (छैठौं संसोधन) २०७४ लागु गरेको छ । स्थानीय सरकारका हैसियतले मंगलसेन नगर कार्यपालिकाले

पनि प्राकृतिक प्रकोप उद्दार तथा राहत सम्वन्धी निर्देशिका तय गर्नु वाञ्छनीय भएकोले यो **प्राकृतिक प्रकोप उद्दार तथा राहत सम्वन्धी निर्देशिका-२०७५** जारी गरि लागु गरिएको छ ।

**१) उद्दार तयारी व्यवस्थापन :**

क) नगर कार्यपालिकाले प्राकृतिक प्रकोप उद्दार समितिको गठन गरी खोज तथा उद्दार कार्यका लागि आवश्यक सामग्रीको प्रयाप्त भण्डारणको व्यवस्था गरी जुनसुकै वेला पनी उद्दारकार्यमा तत्काल उद्दार तथा राहत पुर्‍याउन सकिने व्यवस्था मिलाउने । यसका लागि सेना, प्रहरी, नगर प्रहरी, रेडक्रस, नगर स्तरिय स्वयमसेवक आदीलाई प्रयोग गर्न सकिनेछ । जोखिममा परेका वस्तीहरुको पहिचान गरी त्यस्ता वस्तीहरुको संरक्षण अथवा पूर्नस्थापनाका लागि आवश्यक अध्ययन, अनुसन्धान, योजना तथा कार्यक्रम निर्माण, बजेट तथा स्रोत साधनको व्यवस्था गरी यस्ता बस्तीको जोखिम न्यूनिकरण सम्बन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्ने ।

ख) नगरस्तरमा देखा पर्नसक्ने प्रकोपका प्रकृतिहरुको पहिचान गरी त्यसबाट पर्नसक्ने प्रभावको अनुमान गराई सो को प्रभाव न्यूनिकरणका लागि आवश्यक जनशक्ति तयार पारी कम्तीमा १५ जनाको टोली जुनसुकै वेला पनी परिचालन गर्न सकिने अवस्थामा राख्ने व्यवस्था नगर प्रमुखको समन्वयमा प्रमुख प्रशासकीय अधिकृतले मिलाउने ।

ग) खोज उद्दार कार्यका लागि नगरपालिकाका १४ वटै वडाका वडा कार्यलयमा अत्यावश्कीय सामानको भण्डारण व्यवस्था मिलाउने । वडास्तरमा हुनसक्ने आगलागी, बाढी पहिरो, भू-क्षय

जस्ता प्रकोपको प्रभाव न्यूनिकरणका लागि आवश्यक व्यवस्था वडा अध्यक्षले मिलाउने ।

घ) नगर कार्यपालिकाले प्रकोप उद्दार तथा राहतका लागि नगर कार्यपालिकामा वार्षिक १०,००,०००।- (दश लाख) र वडा कार्यलयमा कम्तिमा ७०,०००।- (सत्तरी हजार) वरावर न्यूनतम मौज्दात कायम राख्ने व्यवस्था गर्ने ।

ङ) नगरपालिकामा कार्यरत सामाजिक तथा गैर-सरकारी संघ-संस्थाको सहयोगमा प्रकोप व्यवस्थापन, न्यूनिकरण र उद्दार सम्बन्धी जनचेतना अभिवृद्धी गर्ने काम वडा र टोल स्तरमा गर्ने ।

च) प्रकोपका समयमा प्रभावित परिवारलाई सुरक्षित स्थानमा राखी सुरक्षित गर्न विद्यालय, वडा केन्द्र, स्वास्थ्य केन्द्र लगायत अन्य खुला ठाँउमा शिविर संचालन गर्ने ।

छ) खोज तथा उद्दार कार्यमा सहयोग गर्न आउने जिल्ला, प्रदेश, संघीय सरकार लगायत दातृ निकायका लागि आवश्यक सहजिकरण र समन्वयको व्यवस्था नगरपालिकाले मिलाउने ।

ज) नगरपालिकाले प्राकृतिक प्रकोप र विपत्तीलाई मध्यनजर गरी रोकथामका उपायहरु अपनाउन दिगो विकासका मुल्य मान्यतलाई यथाशिघ्र अवलम्वन गर्ने/गराउने ।

## २) उद्दार तथा राहत वितरण

क) प्रकोपका घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु १,००,०००।- (एक लाख) का दरले मृतक परिवारलाई सहयोग उपलब्ध गराउने । तत्काल क्रिया खर्च उपलब्ध गराउनु पर्ने भएमा नगर कार्यपालिकाले प्रकोप

उद्दार समितिको सिफारिसमा रु ५०००।- (पाँच हजारसम्म) उपलब्ध गराउनु पर्नेछ। यसरी रकम उपलब्ध गराँउदा प्राकृतिक प्रकोप उद्दार समितिले गराउने ।

ख) विपदबाट घर, बहालको आवास नष्ट भएमा वा खाद्यान्न वाली तथा जग्गा, पसल-व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका प्रभावित परिवारलाई तत्काल गुजाराका लागि रु १००००/- (दश हजार) सम्म प्रति परिवार उपलब्ध गराउने ।

ग) प्रकोपका समयमा प्रभावित परिवारलाई सुरक्षित स्थानमा राखी शिविर संचालन गर्नुपर्ने अवस्था भएमा जिल्ला प्रशासन कार्यालय मार्फत सम्बन्धीत निकायसंग सम्पर्क गरी आवश्यक व्यवस्था मिलाउने ।

घ) प्रकोपमा परि खाद्यान्न वा थप आर्थिक सहायता उपलब्ध गराउनु पर्ने परिवारको स्पष्ट पारिवारिक लगत जिल्ला दैविक प्रकोप उद्दार समितिमा पठाउने ।

ङ) प्रभावितहरुलाई राहत वितरण गर्दा प्रत्येक वडामा वडासमिति मार्फत सहयोग उपलब्ध गराउने । सम्भव भएसम्म वडास्तरका समाजसेवी, राजनैतिक दल र अन्य संघ संस्थाहरुलाई समेत आमन्त्रण गरि सहयोग उपलब्ध गराउने ।

च) प्रकोपमा परि खाद्यान्न, लत्ता कपडा लगायत घर पूर्ण रुपमा नष्ट भएका वा पूर्ण नष्ट नभए पनि सम्भावित खतराबाट जोगिन अन्यत्र सार्नु पर्ने वा विस्थापित भै सुरक्षित खतराबाट जोगिन अन्यत्र सार्नु पर्ने वा पुर्नस्थापित गर्न सुरक्षित स्थानमा नयाँ आश्रय स्थल निर्माण गरि व्यवस्था गर्नु पर्ने भएमा प्रति परिवार रु ५०,००० (पचास हजार) सम्म आर्थिक सहयोग उपलब्ध

गराउने । यस्तो सहयोग उपलब्ध गराउदा नगर प्राकृतिक प्रकोप उद्दार समितिले आवश्यक छानविन गरि नगरकार्यपालिकाको निर्णय गराएर मात्र उपलब्ध गराउने । विशेष अवस्थामा नगर प्राकृतिक प्रकोप उद्दार समितिको अनुरोधमा नगरपालिकाले उपलब्ध गराउन सक्नेछ तर त्यस पछिको नगर कार्यपालिकाको बैठकमा जानकारी सहित अनुमोदन गर्नुपर्नेछ ।

छ) प्रकोपमा घाइते हुनेहरुको सम्पूर्ण उपचार नगर प्राकृतिक प्रकोप उद्दार समितिका मार्फत सरकारी अस्पतालमा गराउँदा लागेको खर्च नगरपालिकाले भुक्तानी गर्ने र अस्पतालबाट घर जान यातायात खर्च स्वरुप रु. १००० (एक हजार) उपलब्ध गराउने ।

ज) भूकम्प, बाढी, पहिरो, आगलागी, असिनापानी, हुरी बतास, चट्याङ्ग, शीतलहर, हिमपातका साथै प्रकोपका कारणबाट भएको, हवाई, सडक एवं डुङ्गा दुर्घटनाबाट प्रभावित पीडितहरुलाई मात्र राहत सहयोग उपलब्ध गराउने ।

झ) राहत तथा उद्दार कार्य सञ्चालन गर्नु पर्ने विशेष परिस्थितीमा विविध खर्चको लागि रु ५००० (पाँच हजार) सम्म नगरकार्यपालिकाको प्रकोप उद्दार समितिले खर्च गर्न सक्नेछ ।

ञ) निर्धारित निर्देशिका बमोजिम राहत सहयोग उपलब्ध गराउँदा नगरकार्यपालिकाको प्रकोप उद्दार समितिले घटना भएको ३० दिन भित्र सूचना प्राप्त भएको घटनाका लागि मात्र राहत सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउने छ ।

३. **सूचना व्यवस्थापन, अनुगमन र मूल्याङ्कन**

क) नगरपालिकाको वेभसाइटमा प्रकोप सम्वन्धी सूचना को प्रवाह गर्ने ।

ख) प्रत्येक आर्थिक वर्षको समाप्त भएको मितिले एक महिना भित्र नगर कार्यपालिकाको प्रकोप उद्दार समितिले नगर स्तरिय तथ्याङ्क र प्रतिवेदन नगरकार्यपालिकामा पेश गर्ने ।

ग) नगर कार्यपालिकाको प्रकोप उद्दार समितिले प्रकोप उद्दार तथा राहत व्यवस्थापन कार्यमा विषेश सक्रियता प्रदर्शन गर्ने समाजसेवी, राजनैतिक व्यक्ति, व्यवसायी, सामाजिक संघ संस्था तथा राष्ट्र सेवक कर्मचारीलाई नगरकार्यपालिकामा सिफारिस गरी उचित पुरस्कारको व्यवस्था गर्ने ।

**प्रमाणीकरण मितिः २०७५/०२/२८**

**आज्ञाले,**
**गणेश प्रसाद जैसी**
**प्रमुख प्रशासकीय अधिकृत**